




# सुधारिएको चुलो राम्रो, स्वस्थ जीवन हाम्रो







## श्रम र समय बचतका फाइदाहरू

- दाउराको खर्चमा कम्तीमा ४० प्रतिशत कमी आउने हुनाले दाउरा संकलनमा लाग्ने समयको बचत हुन्छ ।
- खाना पकाउन छिटो हुने र भाँडा सफा गर्न पनि सजिलो हुने हुनाले गृहिणीको कार्यभार निकै कम हुन्छ । यसले गर्दा आराम गर्न र परिवारका सदस्यहरुको हेरविचार गर्ने अवसर प्राप्त हुन्छ ।

## स्वास्थ्यसम्बन्धी फाइदाहरू

- घरभित्रको धुवाँमा हुने हानिकारक कण र खतरनाक ग्यासको मात्रा धेरै हदसम्म घट्ने भएकोले क्यान्सर, निमोनिया, दम, खोकी, स्वाशनली तथा फोक्सोका रोग, मुटु रोग, मोतीबिन्दु, आँखा चिलाउने र टाउको दूख्ने जस्ता रोगहरुबाट बच्न सकिन्छ ।
- कम तौलको बच्चा जन्मिने, गर्भ तुहिने र आगोले पोलिने सम्भावना पनि कम हुन्छ ।





## आर्थिक फाइदाहरू

- महिलाको बचत भएको (पकाउने र दाउरा संकलन गर्न लाग्ने) समयलाई अन्य आयमूलक काममा उपयोग गर्न सकिन्छ ।
- इन्धन आयात गर्न लाग्ने खर्चमा कमी आउँछ ।
- ग्रामीण क्षेत्रमा चुलो निर्माणकर्तालाई स्वःरोजगारीको अवसर मिल्छ ।
- धुवाँजन्य रोगको कमीले औषधिमा लाग्ने खर्चमा बचत हुन्छ ।

# स्वस्थ भान्छा, खुशी परिवार


नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम**
**जैविक ऊर्जा सब-कम्पोनेन्ट**
सम्पर्क: पोस्ट बक्स नं.: १४३६४, काठमाण्डौ, नेपाल, फोन नं. +९७७-१-५५३९३९० फ्याक्स: +९७७-१-५५४२३९७